हिमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ८ मिति : २०८०

भाग–२

हिमा गाउँपालिका

कालिकाखेतु, जुम्ला

कर्णाली प्रदेश, नेपाल

## हिमा गाँउपालिकाको उपभोक्ता समितिले बेहोर्नु पर्ने लागत सहभागिता कार्यबिधि, २०८०

# भाग-३

# हिमा गाँउपालिका

## उपभोक्ता समितिले बेहोर्नु पर्ने लागत सहभागिता कार्यबिधि, २०८०

**प्रस्तावना:** भौतिक पुर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरुको महत्वपुर्ण भूमिका खेलेको हुन्छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१) मा निर्धारित लागत अनुमान सम्मको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ। उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता वा दिगोपना अभिवृद्धि हुने र परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्न सकिने भएकोले अझ संरचना प्रति थप उत्तरदायी र अपनत्व महसुस गराई संरचनालाई दिगोपना गर्न उपभोक्ता समितिलाई लागत सहभागिता (जन श्रमदान ) राख्न वान्छनीय भएकोले, स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकर प्रयोग गरी हिमा गाँउपालिकाले यो कार्यबिधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यबिधिको नाम "हिमा गाँउपालिकाको उपभोक्ता समितिले बेहोर्नु पर्ने लागत सहभागिता कार्यबिधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि गाँउकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाँउपालिका" भन्नाले हिमा गाँउपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले हिमा गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले हिमा गाँउपालिका गाँउकार्यपालिका सम्झनु पर्छ।

(घ) "कार्यविधि" हिमा गाँउपालिकाको उपभोक्ता समितिले बेहोर्नु पर्ने लागत सहभागिता कार्यबिधि, २०८० सम्झनु पर्दछ।

(ङ) उपभोक्ता समिति भन्नाले गाँउपालिकाको टोल र बस्ति क्षेत्रमा संचालन हुने आयोजनाबाट प्रत्यक्षे सेवा पुग्ने समूहबाट उक्त योजना सन्चालन गर्न बनेको संगठन सम्झनु पर्दछ।

## ३. उपभोक्ता समितिसंग सम्झौता गर्दा लागत सहभागिता राख्ने:

(क) आयोजनाको प्रकृति हेरी उपभोक्ता समितिले व्यहोर्नुपर्ने लागत सहभागिता (नगद वा श्रमदान वा वस्तुगत) अनुसूचि-१ बमोजिम समझौतामा उल्लेख गरी सो बमोजिम लागत सहभागिता सुनिश्चित हुने व्यवस्था उपभोक्ता समितिले गर्नु पर्नेछ।

# अनुसूची १
## ( कार्यबिधिको दफा ३ को उपदफा (क) संग सम्बन्धित )
## हेरी उपभोक्ता समितिले व्यहोर्नुपर्ने लागत सहभागिता ( नगद वा श्रमदान वा वस्तुगत)

| सि.नं. | आयोजनाको प्रकृति | लागत सहभागिता | कैफियत |
|---|---|---|---|
| १ | भवन निर्माण तथा मठ मन्दिर, गुम्बा, मस्जिद, लगायत धार्मिक संरचना। | न्यूनतम १०% | |
| २ | पुरातात्विक, साँस्कृतिक र ऐतिहासिक महत्वका सम्पदा संरक्षण र मर्मत सम्भार। | न्यूनतम ५% | |
| ३ | लक्षित कार्यक्रम तर्फका योजना। | न्यूनतम १०% | |
| ४ | झोलुङ्गे पुल निर्माण। | न्यूनतम ५% | |
| ५ | सिँचाई सम्बन्धि स्थायी संरचना। | न्यूनतम १०% | |
| ६ | आर.सी.सी ढलान, पी.सी.सी ढलान बाटो निर्माण। | न्यूनतम १०% | |
| ७ | खानेपानी आयोजना निर्माण | न्यूनतम १५% | |
| ८ | सिँचाई कुलो, नदी नियन्त्रण तथा तटबन्ध रिटेनिङ्ग वाल, मेसनरी वाल,। | न्यूनतम १०% | |
| ९ | अन्य (सडक कालोपत्रे, ड्रेनेजको काम, मोटरेबल पुल निर्माण बिधुतिकरण आदि) | न्यूनतम १०% | |
| १० | सडक नयाँ ट्र्याक खोल्ने कार्य, पहिरो पन्छाउने कार्य | न्यूनतम १५% | |

**नोटः**

(क) उपभोक्ताको लागत सहभागिता माथि उल्लेखित सीमा भन्दा कम नहुने गरी सार्वजनिक निकायले व्यवस्था गर्नुपर्नेछ।

(ख) खास लक्षित उद्देश्य पुरा गर्न वा अति विपन्न एंम सीमान्तकृत वर्गका लागि त्यस्ता लाभग्राहीको सहभागिता हुने कार्यका लागि उपरोक्त सीमा भन्दा कम सहभागिता अंशमा काम गराउनुपर्ने भएमा त्यस्तो निकायको गाँउ कार्यपालिकाको निर्णयका आधारमा लाभ उद्देश्य पुरा गर्ने किसिमको हो र उपभोक्ता समिति विपन्न एंम सीमान्तकृत वर्गको हो भनी सम्बन्धित सार्बजनिक निकाएले एकीन गरी सिफारिस गरेको हुनुपर्नेछ ।

**पुनश्चः** बढ्दो वातावरणीय प्रभाब तथा ग्लोबल Warming लाई मध्यनजर गर्दै यस गाउँपालिका भित्रमा सन्चालन हुने सम्पूर्ण योजनाहरुको जनश्रमदान वाफत प्राबिधिकको आवश्यकता अनुसार लागत सहभागिताको केही अंश रकमलाई वातावरण मैत्री ( Environmental friendly) तथा जैबिक बिबिधता (Bio-Diversity) कायम गर्न यस गाउँपालिकाका अध्यक्ष श्री लक्षमण शाही ज्यु ले अघि सार्नु भएको, **ग्रीन रिभर, ग्रीन रोड, ग्रीन हिमा** भिजनलाई आत्मासाथ गर्दै अघि बढ्नु पर्नेछ ।

४. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा भएको ब्यवस्था संघीय वा प्रादेशिक कानून संग बाझिएको हदसम्म अमान्य र बदर भई प्रचलित कानून बमोजिम हुनेछ ।

५. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यन्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउने पुर्ण अधिकार हिमा गाँउ कार्यपालिकामा निहित रहनेछ ।

**६. संशोधनः** यस कार्यबिधिमा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही  गाँउ कार्यपालिकालाई हुनेछ ।

**७. बचाउः** यो कार्यविधि जारी हुनु भन्दा अघि भएको काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।